म.प.बै.सं. ८।०८०

## संवत् २०८० साल श्रावण २९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सांगठनिक संरचना पुनरावलोकन कार्यदलको प्रतिवेदन, २०८० ग्रहण गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आर्थिक सहायता व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन निर्देशिका, २०७६ बमोजिम प्रदेश अनुगमन इकाई गठन गर्ने ।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश निजामती सेवा नियमावली, २०७९ को अनुसूची ४ मा हेरफेर तथा थपघट गर्ने र सोको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने ।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मधेश प्रदेश सरकार मातहतका निकायहरुबाट सञ्चालित योजनाहरुको अनुगमन गर्ने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन समिति गठन गरी परिचालन गर्ने।

६. गृह, संचार तथा कानून मन्त्रालयः जनकपुर चुरोट कारखाना भित्रको उपलब्ध गराउने भनिएको रुम र टहरा भित्र मेसिनरी वा अन्य जिन्सी सामान रहेको भए आवश्यक समन्वय गरी सोको यथार्थ लगत सहित प्रचलित कानून बमोजिम गृह, सञ्चार तथा कानून मन्त्रालयले जिम्मा लिई व्यवस्थापन गर्ने गराउने गरी जनकपुर चुरोट कारखानाको स्वामित्वमा कारखाना भित्र रहेको सुर्ती स्टोर रुम र सोही स्टोर रुमसंग जोडिएको आवासीय टहराहरु तथा अगाडी पछाडीको जग्गा (ग्राउण्ड) १ वर्षको लागि अस्थायी रुपमा मधेश प्रहरी गण जनकपुरधाम धनुषालाई उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

७. गृह, संचार तथा कानून मन्त्रालयः अर्थ मन्त्रालय, मधेश प्रदेशबाट प्रचलित कानून बमोजिम प्रदेश विपद् पीडित उद्धार तथा राहत कोषमा दश करोड रुपैयाँ उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धी विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ ।